नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८]काठमाडौं, श्रावण २१ गते २०२५ साल [अतिरिक्ताङ्क १३

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाई बक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२५ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली बिराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:- राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:- (१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) (दोस्रो संशोधन) ऐन, २०२५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ५ मा संशोधन:- मूल ऐनको दफा ५ को सट्टा देहाय बमोजिमको दफा ५ राखिएको छ -

५. उम्मेदवारको लागि दरखास्त पत्र:- (१) निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले दफा ४ बमोजिम प्रकाशित सूचनामा तोकिएको म्याद भित्र आफै उपस्थित भई वा अख्तियार प्राप्त वारिस पठाई निर्वाचन अधिकृतले तोकेको ढांचामा निज समक्ष दरखास्तपत्र दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम दरखास्तपत्र दिने उम्मेदवारले आफ्नो दरखास्तपत्रमा एकजना प्रस्तावक र एकजना समर्थकमा नवढाई २ जना मतदाताको सहिछाप गराएको हुनु पर्छ । त्यस्तो प्रस्तावक वा समर्थक हुने मतदाता सम्बन्धित उम्मेदवारको जिल्लाको अञ्चल सभासद हुनु पर्छ ।

(३) कुनै निर्वाचनमा कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थक भइसकेको व्यक्ति फेरि सोही निर्वाचनमा सोही पदको लागि अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक भएको दरखास्तपत्रलाई मान्यता दिइने छैन ।

तर,

एउटै जिल्लाबाट राष्ट्रिय पंचायतको एक भन्दा बढी स्थानको लागि हुने निर्वाचनमा कुनै एक स्थानमा खडा हुने उम्मेदवारको निमित्त प्रस्तावक वा समर्थक हुने मतदाताले अर्को स्थानको लागि खडा हुने अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक हुन यस उप-दफाले बाधा पुऱ्याएको मानिने छैन ।

३. राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) (दोस्रो संशोधन) अध्यादेश, २०२५ निष्क्रिय भएपछि त्यसको परिणाम:- राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) (दोस्रो संशोधन) अध्यादेश, २०२५ निस्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निस्क्रियताले-

(क) निस्क्रिय हुँदाको वखत कायम नरहेको कुनै कुरालाई जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रित पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै सजायलाई असर पार्ने छैन,

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।